*"आधुनिक समृद्व नगरको आधार, कृषि पर्यटन सहितको पूर्वाधार"*

# बेलकोटगढी नगरपालिकाको

## तेस्रो नगर सभाबाट पारित

# नीति, कार्यक्रम तथा बजेट

## (आ.व. २०७५/७६)

बेलकोटगढी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बाघखोर, नुवाकोट

# विषयसूची


| | |
|---|---|
| बेलकोटगढी नगरपालिका संक्षिप्त परिचय | १ |
| बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको तेस्रो नगर सभामा नगरपालिकाका प्रमुख श्री राजेन्द्र रमण खनालज्यू बाट आगामी आ. ब. २०७५/०७६ को लागि प्रस्तुत वार्षिक बजेट, नीति तथा कार्यक्रम | ४ |
| नगर सभा समक्ष उप-प्रमुखबाट प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम (आ. व. २०७५/७६) | १९ |
| बेलकोटगढी नगरपालिकाको अगामि आ. व. २०७५/७६ को राजश्व तथा अनुदान प्राप्ति र कार्य क्षेत्रगत व्ययको अनुमान | २१ |
| चालू खर्च विस्तृत विवरण | २५ |
| आय व्यय विवरण | २८ |
| आ. व. २०७५/७६ का लागि नगरसभाबाट पारित आयोजना तथा कार्यक्रमहरु | २९ |
| आ. व. २०७५/७६ का लागि प्रदेशबाट पारित कार्यक्रमहरु | ४३ |
| बेलकोटगढी नगरपालिकाको आर्थिक ऐन, २०७४ | ४५ |
| अनुसूची १- २०७५ श्रावण १ गते देखि लागु हुनेगरी बेलकोटगढ़ी नगर सभाबाट पारित कर, शुल्क, सेवा शुल्क , दस्तुर र भवन निर्माण सम्बन्धि (नक्सा पास) राजस्व अशुलीको बिवरण | ४७ |
| प्राकृतिक श्रोत उपयोग कर, राजस्व संकलन सम्बन्धमा | ६४ |
| बेलकोटगढी नगरपालिकाको विनियोजन ऐन २०७५ | ६५ |
| तेस्रो नगर सभाबाट पारित भएका महत्वपूर्ण निर्णयहरु | ६८ |
| बेलकोटगढी नगरपालिका, नगर कार्यपालिकाका सदस्यको नाम तथा सम्पर्क नम्बर | ७१ |
| बेलकोटगढी न.पा. कार्यालयका कर्मचारीहरुको सम्पर्क नं. | ७२ |

# बेलकोटगढी नगरपालिका संक्षिप्त परिचय

बेलकोटगढी नगरपालिका प्रदेश नं. ३ नुवाकोट जिल्लाको पश्चिम दक्षिण भेगमा पर्दछ । संवत् २०७३ फागुनमा तत्कालीन छ वटा गाउँ विकास समितिहरू (दुईपिपल, रातमाटे, कुमरी, बेलकोट, जिलिङ् र मदानपुरको केही भाग) लाई समेटेर गठन गरिएको बेलकोटगढी नगरपालिका तुलनात्मक रूपमा नयाँ नगरपालिका हो । यसको पूर्वमा ककनी गा.पा., पश्चिममा तारकेश्वर गा.पा. र धादिङ जिल्ला, उत्तरमा विदुर न.पा., लिखु गा.पा. र तारकेश्वर गा.पा. र दक्षिणमा धादिङ जिल्ला रहेको छ । बेलकोटगढी नगरपालिकाको उत्तरी भूभाग राजधानी काठमाडौँसँग त्रिशुली सडक मार्फत् जोडिएको छ भने दक्षिणी भूभाग पृथ्वी राजमार्गबाट छुट्टिएको गल्छी–त्रिशुली–रसुवागढी सडक खण्डबाट जोडिएको छ । बेलकोटगढी नगरपालिका कार्यालय काठमाडौँबाट ४८ कि. मि. दूरीमा अवस्थित छ । यसको क्षेत्रफल १५५.६ वर्ग किलोमिटर, जनसंख्या ३९,८८८ सहित १३ वटा वडामा विभाजन गरिएको छ । वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०७४) का अनुसार बेलकोटगढी नगरपालिकाको २५ प्रतिशत भूभाग (३९.५ वर्ग किमि) वन क्षेत्रले ढाकेको छ । तत्कालीन गाउँ विकास समितिहरूलाई नगरपालिकाको वडाको रूपमा पुनर्संरचना गरिएको छ ।

*तालिका १ : तत्कालीन गाउँ विकास समिति (गाविस) र वर्तमान नगर वडाहरू*

| तत्कालीन गाविस | वर्तमान वडा नं | परिवार | जनसङ्ख्या (२०६८) |
|---|---|---|---|
| बेलकोट | १, १०, ११ | १,५४९ | ७,६६० |
| कुमरी | २, ३, ४ (केही भाग) | १,६१८ | ८,६७२ |
| दुईपिपल | ४ (केही भाग), ५, ६ | १,५६९ | ७,७९० |
| रातमाटे | ७ | ८२२ | ३,७९३ |
| जिलिङ | ८, ९ | १,२७१ | ६,२८६ |
| मदानपुर (केही भाग) | १२, १३ | १,२७१८ | ५,६८७ |
| **जम्मा** | | ७,९४१८ | **३९,८८८** |

स्रोत : गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमा निर्धारण आयोग

## जनसाङ्ख्यिक विवरण :

### १.उमेर समूह अनुसारको जनसङ्ख्या

संवत् २०६८ को राष्ट्रिय जनगणना अनुसार, बेलकोटगढी नगरपालिकामा आर्थिक रूपमा सक्रिय जनसङ्ख्या (उमेर समूह १५–५९ वर्ष) करिब ५७ प्रतिशत रहेको छ (तालिका २ हेर्नुहोस्) । यो सङ्ख्या त्यति धेरै नभएता पनि तिनका लागि रोजगारीको सुनिश्चितता हुनु अत्यावश्यक देखिन्छ ।

यस उमेर समूहमा लैङ्गिक अनुपात ८७.३८ प्रतिशत छ । अर्थात्, महिलाको सङ्ख्या पुरुषको भन्दा धेरै देखिएकाले महिलाप्रति लक्षित रोजगारीका अवसरहरू सिर्जना गर्नु जरुरी देखिन्छ ।

*तालिका २ : उमेर समूह अनुसारको जनसङ्ख्या (राष्ट्रिय जनगणना, २०६८)*

| उमेर समूह | जम्मा | हिस्सा (प्रतिशत) | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ० देखि १४ | १४,३९७ | ३३.४३ | ७,२४६ | ७,१५१ | १०१.३३ |
| १५ देखि ५९ | २४,४३६ | ५६.७४ | ११,३९५ | १३,१४१ | ८७.३८ |
| ६० भन्दा माथि | ४,२३० | ९.९२ | २,१०१ | २,१२९ | ९८.६८ |
| सबै उमेर समूह | ४३,१६३८ | १००.०० | २०,७४२ | २२,३२१ | ९२.९३ |

स्रोत : राष्ट्रिय जनगणना २०४८, २०५८, २०६८ ।

* नोट : मदानपुरको केही भूभाग मात्र नगरपालिकामा गाभिएको हुँदा सो अनुसार समायोजन गरिएको ।

**२.जातीयताका आधारमा जनसङ्ख्या**

कुनै पनि ठाउँको जातीय संरचनाले त्यहाँको विकासमा ठुलो भूमिका निर्वाह गर्छ । विभिन्न जातजातिको आफ्नै सोचाइ, विचार, आवश्यकता र प्राथमिकताहरू हुन्छन्, अनि तिनाई विकास परियोजना र कार्यक्रमहरू कार्यान्वयन गर्दा मात्र नभएर योजना बनाउँदा पनि समावेश गर्न जरूरी छ ।

संवत् २०६८ को राष्ट्रिय जनगणना अनुसार बेलकोटगढी नगरपालिकामा बसोबास गर्नेमध्ये ३९ प्रतिशत पहाडी ब्राह्मण, ३२ प्रतिशत तमाङ, ८ प्रतिशत क्षेत्री र ५ प्रतिशत नेवार रहेका छन् । तामाङ जातिको उपस्थिति उल्लेखनीय भएता पनि उक्त समुदाय कम पहुँच भएका पहाडी दुर्गम क्षेत्रमा बसोबास गर्ने हुनाले सामाजिक तथा आर्थिक विकासबाट वञ्चित भएको पाइन्छ ।

**३.साक्षरताका आधारमा जनसङ्ख्या**

राष्ट्रिय जनगणना २०६८ अनुसार बेलकोटगढी नगरपालिकाको साक्षरता ६१.६७ प्रतिशत रहेको छ । पुरुष साक्षरता (६९.९२ प्रतिशत) को तुलनामा महिला साक्षरता (५४.११ प्रतिशत) कम रहेको देखिएको छ ।

**पर्यटकीय आकर्षणका स्थलहरू**

बेलकोटगढी नगरपालिकामा मुख्यतः ग्रामीण बिशेषताहरू देखिन्छन् । स्थानीय आकर्षणका केन्द्रहरूमा पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरणका समयमा नुवाकोटमाथि हमला गर्न निर्माण गरेको बेलकोटगढी किल्ला, हिमश्रृङ्खला, काठमाडौँ उपत्यका, मकवानपुर र गोरखा जिल्लाका साथै तिब्बतको केरुङ्सम्मको दृश्यावलोकन गर्न सकिने चिम्टेश्वर महादेव डाँडा लगायतका स्थानहरू पर्दछन् ।

**बजार केन्द्र**

बेलकोटगढी नगरपालिकाका धेरैजसो बस्तीहरू छरिएका छन् । कठिन भूभागका कारण नगरपालिकाको उत्तरी भेगमा सहज पहुँच नभएको हुँदा पहिचानयोग्य बजार क्षेत्र रहेको छैन, जसका कारण यहाँ ग्रामीण विशेषताहरू पाइन्छन् । नगरपालिकाको दक्षिणी भेग भने समथर भूभाग र गल्छी–त्रिशुली–रसुवागढी सडकसँग जोडिएका कारण तुलनात्मक रूपमा धेरै सुगम रहेको छ । त्रिशुली नदीसँग समानान्तर यसै सडकमा अवस्थित महादेवफाँट नै नगरपालिकाको प्रमुख बजार हो । यस बजारले मुख्यतः दक्षिणी भेगका बासिन्दाहरूको आवश्यकता पूर्ति गर्दछ । तथापी नगरपालिकाका विभिन्न क्षेत्रहरुमा नयाँ पसल, बजार तथा उद्योगहरू तीव्र गतिमा सञ्चालन हुँदै छन् ।

**सडक र यातायात**

बेलकोटगढी नगरपालिकाको उत्तरी भेगलाई पासांङ ल्हामु सडकले एकातर्फ ककनी र काठमाडौँसँग जोड्छ भने अर्कोतर्फ रसुवा जिल्ला जोड्छ । नगरपालिकाको दक्षिणी भेगमा पृथ्वी राजमार्गबाट छुट्टिएको गल्छी–त्रिशुली–रसुवागढी सडक रहेको छ । नगरपालिकामा अन्य सडकहरू ग्रामिण स्तरका कच्चि सडकहरु रहेका र उक्त सडक धेरैजसो सुख्खा मौसममा संचालन हुनेगर्दछन् । नगरपालिकाको क्षेत्रफलको तुलनामा सडक सञ्जाल निकै कम भएको देखिन्छ ।

**खानेपानीका मुख्य स्रोत**

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरपालिकाका ७९ प्रतिशत परिवारसँग पिउनका लागि धाराको पानीको सुविधा छ । अन्य महत्वपूर्ण स्रोतहरूका रूपमा इनार (८.५१ प्रतिशत), कुवा ( ८.४४ प्रतिशत) रहेका छन् । जिलिङ् र कुमारीमा पिउने पानीका लागि १२ देखि १५ प्रतिशत बासिन्दा नढाकिएको इनारमाथि निर्भर छन् भने दुईपिपलमा ६३ प्रतिशत परिवार धाराको पानी र २४ प्रतिशत परिवार कुवाको पानी प्रयोग गर्छन् ।

*" आधुनिक समृद्ध नगरको आधार, कृषि पर्यटन सहितको पूर्वाधार"*

## बेलकोटगढी नगरपालिका नगर कार्यपालिकाको तेस्रो नगर सभामा नगरपालिकाका प्रमुख श्री राजेन्द्र रमण खनालज्यू बाट आगामी आ. ब. २०७५/०७६ को लागि प्रस्तुत वार्षिक बजेट, नीति तथा कार्यक्रम

(१० आषाढ २०७५)

प्रदेश नं ३ का माननीय सभासद केशव पाण्डेज्यू,
तेस्रो नगर सभा उद्घाटन समारोहका उप प्रमुखज्यू,
नगर कार्यपालिकाका सदस्यज्यूहरु,
यस न पा का प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर सभाका सदस्यज्यूहरु,
राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु
पत्रकार महोदयहरु,
न.पा. का सम्पूर्ण कर्मचारी मित्रहरु एंव उपस्थित महानुभावहरु,

नेपाल एक स्वाधीन र सार्वभौम सत्ता सम्पन्न मुलुकको रुपमा रहि आएको छ । हाम्रो वर्तमान अवस्था जटिल एवं चुनौतिपूर्ण भएतापनि विगत गौरवपूर्ण छ । इतिहासको विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका वलिदानपूर्ण राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संबिधान घोषणा भई कार्यान्वयनको चरणमा छौ । यो काम जटिल र चुनौतिपूर्ण हुदाहुदै पनि नयाँ नेपाल निर्माणको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नुको विकल्प छैन । आज बेलकोटगढी नगरपालिकाको तेस्रो नगरसभा हुन गई रहेको छ । बेलकोटगढी नगरपालिकाको तेस्रो नगरसभा उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गर्दै यहाँ उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरुलाई बेलकोटगढी नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।

आजको यस गौरवपूर्ण अवसरमा नेपालको सबै राजनीतिक आन्दोलनको संघर्षहरुमा आफ्नो जीवनउत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रन्दाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरिकहरुप्रति सम्मान प्रकट गर्दछु ।

नगर विकासमा असिमित इच्छा र आकांक्षालाइ पुरा गर्न अहोरात्र खटिइ समय अनुसारको यहाँहरुको सुझाव र सल्लाहलाई शिरोपर गराई क्रमिक र प्राथमिकीकरणका आधारमा आफ्नो कार्यक्षमता प्रस्तुत गर्न कुनै कमि नगर्ने विश्वास दिलाउन चाहन्छु ।

सार्वजनिक महत्वका संरचना निर्माणतर्फ पहल गर्दै प्रदुषण रहित उद्योग धन्दा सञ्चालन र मापदण्ड विपरितका आम जनतालाइ असहज र असर पार्ने उद्योगधन्दालाई निरुत्साहित गरिने छ । करका दायरा अझै व्यवस्थित गरिनेछ । नगरपालिकामा प्रहरी चौकी स्थापना तर्फ समेत

अविलम्व दवाव दिइनेछ । नगर प्रहरकिो व्यवस्था गरिनेछ । मासिक रुपमा नगर प्रमुख तालिका बनाइ प्रत्येक वडाको **चौतारो जनगुनासो** कार्यक्रममा सहभागिता जनाइने व्यवस्था मिलाइने छ । अव्यवस्थित वसाई र सरकारी जग्गा , सम्पत्तिको जगेर्नातर्फ विशेष ध्यान दिइनेछ ।

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय शासन प्रणालीको तल्लोसरकारको प्रथम ऐतिहासिक पहिलो निर्वाचन सम्पन्न भई स्थानीय तहले कार्यान्वयन गर्ने गरी संविधानले नै सुनिश्चित गरेका अधिकारहरुलाई व्यवहारमा कार्यान्वयन गर्दै ***" आधुनिक समृद्ध नगरको आधार कृषि पर्यटन सहितको पूर्वाधार"*** को मूल उद्देश्यका साथ बेलकोटगढी नगरको निर्माण गर्नको लागि नगरसभा समक्ष बेलकोटगढी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गरेको छु ।

**नेपालको संविधानको** धारा २९५ को उपधारा (३) वमोजिम नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७३ फागुन २७ गते जारी आदेश वमोजिम साविक गा.वि.स. हरु दुईपिपल, रातमाट, कुमरी, वेलकोट, जिलिङ, मदानपुर (१-६ र ९ ) समेतलाई समावेश गरी ऐतिहासिक महत्व रहेको वेलकोटगढीको नामवाट यस नगरपालिकाको नामाकरण भएको हो । यसको क्षेत्रफल १५५.६ वर्ग किलोमिटर, जनसंख्या ३९,८८८ सहित १३ वटा वडामा विभाजन गरिएको छ । यसको पुर्वमा ककनी गा.पा., पश्चिममा तारकेश्वर गा.पा. र धादिङ जिल्ला, उत्तरमा विदुर न.पा., लिखु गा.पा. र तारकेश्वर गा.पा. र दक्षिणमा धादिङ जिल्ला रहेको छ । यस न.पा. मा नागरिकहरुले कृषिलाई मुख्य पेशाको रुपमा अंगाल्दै आएका छन् । ऐतिहासिक प्रशिद्ध गढी बेलकोटगढी, चिम्टेश्वर महादेव जस्ता प्रसिद्ध तिर्थस्थल समेत यसै न.पा. मा अवस्थित रहेको छ । कृषि पर्यटन सहितको पुर्वाधार विकासको मुल आधार भन्ने मुख्य उद्देश्यको रुपमा निर्वाचित जनप्रतिनिधिहरुको सामुहिक एजेण्डा रहेको छ ।

**उपस्थित महानुभावहरु ,**

हामी नितान्तै नयाँ नगरपालिका भएको कारणले हामीले धेरै अप्ठ्याराहरु व्यहोर्नु परेको छ । हामी स्वायत्त र सार्वभौम नगर बनाउन ऐन, नियम, कार्यविधि र निर्देशीका कार्यान्वयनको चरणमा समेत छौं । हामी सँग नगर संचालनका कुनै पूर्वाधार नहुनु, नगरपालिकाको वास्तविकता झल्कने कुनै प्रोफाइल नहुनु, अप्ठ्यारो भूगोलमा नगर गुरु योजना बनाउन केही असहजता देखीनु, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयका भवन नहुनु, आय आर्जन र राजस्वका स्रोतहरु सवल र सक्षम रुपमा पहिल्याउन नसक्नु, कर्मचारीको चरम अभावले नियमित काम कारवाही समेत प्रभावित भई नगर विकासका उल्लेखनीय काम कारवाहीमा असर परेको समस्या समेत प्रस्तुत गर्न चाहन्छु । हाम्रा सामु यी विविध अप्ठ्यारा र असहजता हुँदा हुँदै नगर बासीको असिमित इच्छा चाहनालाई सम्बोधन गर्दै नगरपालिकाको कार्यालयले आगामी दिनमा जनमासले अनूभुती गर्ने खालका नगर स्तरीय कार्यक्रम लाई सुन्दर, व्यवस्थित एवं पारदर्शी रुपमा रुपान्तरण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

आगामी आ.व ०७५/०७६ को लागि योजना तर्जुमा गर्दा समावेसी सहभागीतामुलक योजना तर्जुमा पद्दतीको आधारमा ७ वटा चरणहरु पार गरी टोल/वस्ती योजना छनौट, वडा समिती को बैठक, विभिन्न विषयगत समिति वैठक, कार्यपालिका बैठक तथा सरोकारवाला व्यक्ती सँगको छलफल र अन्तरक्रिया बैठकबाट प्राप्त सूझावको आधारमा कार्यपालिकाले आ.व.०७५/०७६ को नीती र वजेट तथा कार्यक्रम तर्जुमा गरेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**आदरणीय नगर सभासद्ज्यूहरु**

अब म विषयगत रुपमा आगामी आर्थिक वर्ष २०७५/०७६ बेलकोटगढी नगरपालिकाले अवलम्वन गर्ने प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**नीति तथा कार्यक्रमहरु :**

**क) आर्थिक विकास :**

**क.१ कृषि**

यस न.पा.मा कृषि क्षेत्र मार्फत नगरको समृद्धिका सम्भावनाहरु पर्याप्त देखिएको हुँदा यस सम्वन्धमा निम्न अनुसारको नीति अबलम्वन गर्ने गरि प्रस्ताव गरेको छु ।

क.१.१ नगरपालिका क्षेत्रभित्र उत्पादन गर्न सकिने खाद्यान्न, तरकारी, फलफुल, मासुजन्य तथा दूधजन्य वस्तुहरुमा नगरलाई आत्मानिर्भर वनाउन विशेष कार्यक्रम संचालनमा प्राथमिकता दिइनेछ ।

नगरपालिकाको भौगोलिकतालाई दृष्टिगत गरी माछा, च्याउ, कुरीलो जस्ता नगदे तथा बेमौसमी तरकारी खेती, अन्नबाली, फलफुल, व्यावसायिक खेतीलाई प्रवर्धन गरी आधुनिक कृषि प्रणाली एवं व्यवसायीकरणलाई जोड दिइने छ ।

कृषि बजार स्थापनाका लागि नगरको स्वामित्वमा संकलन केन्द्र, संकलन सवारी साधान र बिक्री केन्द्रहरु स्थापना गरिने छ । वातावरण र मानव स्वास्थ्यमा असर गर्ने रसायनिक मल विषादीको मात्रालाई न्यूनीकरण गर्दै जैविक मल र विषादीमा जोड दिइनेछ । नगरद्धारा खाद्य बैंक स्थापना गर्ने नीति अख्तियार गरिने छ ।

क.१.२ व्यवसायिक कृषी उत्पादन, प्रशोधन तथा बजारीकरण गरिने स्थलसम्म कृषि सडक सञ्जाल पुऱ्याउन पहल गरिनेछ । जैविक प्रांगारिक खेतितर्फ प्रेरित गर्ने कार्यक्रम लाई प्रोत्साहित गरिनेछ । भूगोलसँग अनुकुल आधुनिक कृषि प्रणाली लागु गरिने छ । जसमा आधुनिक कृषि औजार, विउ बिजनतर्फ विशेष अनुदान र तालिमको उचित प्रबन्ध गरिनेछ ।

कृषि पेशालाई सम्मानित र आत्म निर्भर बनाई कृषिमा आधारित जनताको जीवनस्तर सुधार गरिने छ ।

हिमाली रेन्वो ट्राउट लगाएतका पहाडी माछाको स्रोत केन्द्रको रुपमा विकास गरिने छ ।

तरकारीको भण्डारण गर्न नगर स्तरीय शित भण्डार निर्माण गरिने छ ।

क.१.३ पशुपालनमा उन्नत नश्ल सुधार सम्वन्धी कार्यक्रम संचालन गरिनेछ।

क.१.४ कफी, चिया, लप्सी, कागती, आँप, लिची, किवि वालीमा विशेष जोड दिइनेछ।

क.१.५ वाँदर तथा जंगली जनावर बाट कृषिमा परेको असहजता हटाउन राष्ट्रिय निकुञ्ज संग मिलेर कार्यक्रम अगाडि बढाइने छ।

## <u>क.२ उद्योग तथा वाणिज्य</u>

क.२.१ नगर भित्र सम्भावित नयाँ उद्योगहरु स्थापना गर्न लगानीमैत्री वातावरण वनाईनेछ। विशेष आर्थिक क्षेत्र स्थापना गरिने छ । नेपाल र चीनको वीचमा हुने व्यापार प्रवर्धन एवं ट्रान्जिटको रुपमा विकास गरिने छ।

लगानि मैत्री वातावरण सिर्जना गरी रोजगारीको सिर्जना गरिने छ। बढ्दो विदेश पलायन रोक्न स्थानीय स्तरमै युवाहरुलाई उद्यमशिल बनाइने छ।

क.२.२ नगर भित्र सम्भाव्य खानी, जडिवुटी आदि उद्यम विकासको सम्भाव्यता अध्ययन गरिनेछ।

## <u>क.३ पर्यटन</u>

क.३.१ नगर क्षेत्रभित्रका प्रसिद्ध तीर्थ स्थलहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न र त्यसलाई आर्थिक विकासका अवसरहरुसँग जोड्ने गरी नगरपालिकाको वार्षिक र आवधिक योजना बनाइनेछ । धार्मिक पर्यटकिय क्षेत्रहरुको व्यापक प्रचार प्रशार प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ। धार्मिक स्थलहरुको पुनर्निर्माण कार्य यथासम्भव छिटो सम्पन्न गर्नको लागि सहयोगी निकायहरु सँग समन्वय र सहकार्य गरिनेछ।

क.३.२ बेलकोटगढी नगर क्षेत्र भित्रका पर्यटकीय स्थानहरुको पहिचान, सम्भावना, अवसर, गर्नु पर्ने कृयाकलाप, सम्भावित लगानीकर्ता आदिको अध्ययन विश्लेषण गरि योजना तयार गरिनेछ।

क.३.३ जात विशेषको साँस्कृतिक परम्परा झल्काउने संस्कृति प्रवर्धन कार्यक्रम संचालन गरि आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गर्ने व्यवस्था मिलाइनेछ।

क.३.४ पर्यटन मैत्रि सफा, सुन्दर र आकर्षक हुने गरि जनताको सहभागितामा ***"हाम्रो नगर, सफा सहर"*** अभियानका कार्यक्रम संचालन गरिनेछन्। नगर क्षेत्रमा रहेका धार्मिक स्थलहरुको व्यवस्थापन, सम्बर्द्धन एवं विकास गर्दै नगरस्तरीय समिति बनाई कार्यान्वयन गरिने छ। चिम्टेश्वरमा भ्यू टावर, बेलकोटगढी लाई व्यवस्थित पार्क निर्माण गरी पर्यटक गन्तब्य स्थल बनाइने छ। पर्यटनमा आधारित उद्योग खोल्न प्रोत्साहन गरिनेछ।

क.३.५ बेलकोटगढी नगरपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा अघि वढाउन विद्यमान ऐतिहासिक, धार्मिक क्षेत्रहरुको संरक्षण, प्रवर्धनको कार्य गर्नुको अतिरिक्त अध्ययन/अनुसन्धानलाई अद्यावधिक गरि अभिलेखीकरण गरिनेछ।

क.३.६ यस नगरपालिका लाई पर्यटकीय गन्तव्य स्थलको रुपमा घोषणा गर्न आवश्यक समन्वय गरिने छ।

क.३.७ बाघखोरमा व्यवस्थित बाघखोर निर्माण गरी आन्तरिक पर्यटकलाई आकर्षित गर्न नीति ल्याईनेछ ।

## क.४ सहकारी

क.४.१ सहकारीहरुको क्षमता अभिवृद्धि गरी संस्थागत विकासका मार्फत कृषि लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ । सहकारीको नियमन, व्यवस्थापन गर्दै लगिने छ ।

क.४.२ एक वडा एक सहकारी अवधारणालाई अगाडि सारीनेछ ।

## क.५. वित्तीय क्षेत्रहरु (राजश्व परिचालन)

क.५.१ विविध विषयमा करका क्षेत्र पहिचान गरी करको दायरा बढाउने नीति लिइनेछ । सबैलाई करको दायरामा ल्याइने छ ।

क.५.२ करका दायरामा सूचिकृत हुने करदाताहरुको अभिलेखलाई कम्प्युटराइज्ड ( अफउगतभचष्शभम) गरि अद्यावधिक गरिनेछ । नगरपालिकाले प्रवाह गर्ने सेवा सुविधालाई कर संग आवद्ध गरी नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने रणनीति अवलम्वन गरिने छ ।

क.५.३ राजश्व परामर्श समितिले दिईएको सुझावलाई आधारमानी अन्य कर दस्तुर, शुल्क आदी निर्धारण गरी नगरपालिकाको आयश्रोतलाई दिगो वनाइनेछ ।

क.५.४ नगरपालिकामा तोकिएको कर तोकिएको अवधिमा बुझाई उत्कृट कार्य गर्ने करदातालाई प्रोत्साहन स्वरुप सम्मान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

क.५.५ करदाता शिक्षा मार्फत नगरवासीलाई कर तिर्न अभिप्रेरित हुने वातावरण तयार गरिने छ ।

## ख) सामाजिक विकास

## ख. १ शिक्षा

शिक्षा नै सामाजिक विकासको मेरुदण्ड हो । गाँउ, समाज र देश विकासको लागि गुणस्तरीय, व्यवहारिक र सिपमुलक  शिक्षा अपरिहार्य छ । यस ग्रामिण नगरलाई गुणस्तरीय शिक्षा प्रदान गरी एक नमुना उत्कृष्ट नगरपालिकाको रुपमा पहिचान दिलाउन हामी प्रतिवद्ध छौं । यस पुनित कार्यमा यस नगरपालिकाका सम्पूर्ण राजनीतिक दल, वुद्धिजिवी, शिक्षक, अभिभावक सबैको सकारात्मक साथ र सहयोगको लागि हामी विश्वस्त छौं । नगरपलिका कार्यालयले निम्नानुसार शिक्षा नीति बनाएको छ ।

## *१ बर्षका लागि बाली, १० बर्षका लागि रुख, १०० बर्षका लागि विद्यालयमा लगानीको भन्ने नीति लागू गरिनेछ ।*

ख.१.१ जेहेनदार गरिव, दलित, जनजातिलाई छात्रबृत्ति प्रदान गरी पढ्न पाउने बातावरणको सुनिस्चिता गरिनेछ ।

ख.१.२ शिक्षाको गुणस्तरियतालाई ख्याल गरी अंग्रेजी शिक्षालाई सुरु गरिने नीति लिइने छ ।

ख.१.३ टुहुरा र असहाय वालवालिकाको पोषण र शिक्षामा सहयोग गर्ने नीति लिइनेछ ।

ख.१.४ आधारभुत विद्यालय स्तरको गुणस्तरीय शिक्षामा जोड दिइ उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालय र शिक्षक लाई प्रोत्साहन गर्ने नीति लिइने छ ।

ख.१.५ भाषा साहित्यको उत्थानको लागि एक श्रष्टा सम्मेलनको आयोजना गर्न पहल गरिने छ ।

ख.१.६ व्यवहारिक, जीवन उपयोगी शिक्षा प्राप्त गर्न पाउने बालबालिकाहरुको मौलिक अधिकारलाई सुनिस्चित गर्न विद्यालयहरुको भौतिक पूर्वाधार पुनर्निर्माण गरि त्यसको संस्थागत विकासमा न.पा.ले सहकार्य, सहजीकरणको नेतृत्वदायी भूमिका निर्वाह गर्दै समुदायको सहभागिता अभिबृद्धिमा विशेष जोड दिइने छ ।

ख.१.७ विद्यालय सुशासन, पारदर्शिता र जवाफदेहिता अभिबृद्धिको लागि बिधालयमा सामाजिक परिक्षण, सार्वजनिक लेखा परिक्षण र अन्तिम लेखा परिक्षणलाई वास्तविकतामा आधारित बनाइने छ ।

ख.१.८ मावि (१ देखि १२ कक्षा)तहको परीक्षा पछि अध्ययनका लागि अन्यत्र जाने प्रवृत्ति निरुत्साहित गर्न नगर क्षेत्र भित्रै स्नातक तह सम्म अध्ययन गर्ने बिद्यार्थीलाई छात्रवृत्ति सहुलियत दिने र त्यस्ता सुविधा प्राप्त बिद्यार्थीलाई नगर क्षेत्र भित्र विकास स्वयंसेवकका रुपमा परिचालन गरिनेछ ।

ख.१.९ यूवाहरुलाई सरकारी सेवामा आकर्षित गर्दै देश सेवाको भावनामा अभिप्रेरित गरि रोजगारीमा अभिवृद्धि गर्नको लागि लोक सेवा आयोग, शिक्षा सेवा आयोग जस्ता परीक्षालाई लक्षित गरि अध्यापन, कोचिङ्ग र तालिम जस्ता कार्यक्रम संचालन गरिनेछ ।

ख.१.१० सरकारी विद्यालयमा अध्यापन गर्ने शिक्षकहरुले आफ्ना बालबालिकालाई अनिवार्य रुपमा सरकारी विद्यालयमा पढाउनु पर्ने नीति कार्यान्वयन गरिनेछ ।

ख.१.११ नगर स्तरिय कम्तिमा ३ वटा प्राविधिक शिक्षालय स्थापनामा पहल गरिनेछ ।

ख.१.१२ यसै आर्थिक वर्षको सुरुवाट शिक्षा, स्वास्थ्य, नगरपालिका कार्यालय र वडा कार्यालय जस्ता निकायहरुमा ई – हाजिरी प्रणाली लागू गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याइने छ ।

ख.१.१३ विद्यालयलाई ICT कक्षा संचालनको लागि आवश्यक कम्प्युटर जस्ता सेवाहरु प्रदान गरिने छ । दक्ष जनशक्ति द्धारा शिक्षकहरुलाई क्ष्ऋत तालिम दिईने छ ।

ख.१.१४ ECD र कक्षा १ मा निशुल्क विज्ञान, गणित, अँग्रेजी जस्ता पाठ्यकम उपलब्ध गराइने छ । यसै नितिलाई निरन्तरता दिइदै मा.बि तह सम्म पुर्याइने छ ।

ख.१.१५ बिद्यालयको वातावरण हरियाली वनाउनको लागि "एक विद्यार्थी एक विरुवा" को अवधारणालाई प्रोत्साहन गरिने छ ।

ख.१.१६ निजि बिद्यालयको हकमा १ बाट सामाजिक, नैतिक शिक्षालाई अनिवार्य नेपालि माध्यममा पढाउनु पर्ने छ ।

ख.१.१७ विद्यालय अनुगमन गरी पृष्ठपोषण र सहयोग प्रदान गरिने छ ।

ख.१.१८ आवश्यकता अनुसार विद्यालय स्थापना र मर्जको निति लिइनेछ ।

ख.१.१९ नगर प्रमुख वा उपप्रमुख महिनाको एक दिन एउटा स्कुलमा कार्यक्रम संचालन गरिने छ ।

## ख. २ स्वास्थ्य

ख.२.१ स्वास्थ्य संस्थाहरुको भौतिक सुविधामा बृद्धि गरिने छ ।
ख.२.२ स्तरोन्नति भएका स्वास्थ्य संस्थालाई सुदृढ गराउन पहल गरिनेछ ।
ख.२.३ नगर क्षेत्रभित्र रहेका स्वास्थ्य सेवालाई थप गुणस्तरीय बनाउनको लागि सहजीकरण गरिनेछ ।
ख.२.४ स्वास्थ्य स्वयं सेविकाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।
ख.२.५ यसै आ.व भित्र नगरलाई पूर्ण खोप मुक्त घोषणा गरिनेछ ।
ख.२.६ नगर एम्वुलेन्स खरिद गरिने छ र शववाहनको व्यवस्थापनमा सहजिकरण गरिनेछ ।
ख.२.७ विभिन्न संघ संस्थाको साझेदारी र समन्वयमा स्वास्थ्य शिविर सञ्चालन गरि नगर वासीलाइ स्वास्थ्य सेवा प्रदान गरिने छ ।
ख.२.८ सवै वडामा स्वस्थ्य चौकि र नगरस्तरीय अस्पतालको अवधारणा अघि बढाइनेछ ।

ख.२.९ नगरस्तरीय प्रयोगशाला स्थापनाामा जोड दिइनेछ ।

ख.२.१० स्वास्थ्य क्षेत्रमा औषधीको अभाव हुन दिइने छैन ।

## ख. ३ खानेपानी तथा सरसफाई

ख.३.१ ***"सफा पानी जीवन धनी"*** भन्ने नारालाई स्थापित गर्न शुद्ध खानेपानीमा सबैको मौलिक अधिकारलाई गुरुयोजना तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।
ख.३.२ स-साना खानेपानीका योजनाहरु कार्यान्वयन गरि तत्काललाई खानेपानीको सुविधा उपलब्ध गराइनेछ ।
ख.३.३ पुराना खानेपानी आयोजनाको व्यवस्थितीकरणमा जोड दिइनेछ ।

## ख.४ संस्कृति प्रवर्धन

ख.४.१ ***"मौलिक संस्कृति हाम्रो सम्पत्ति"*** भन्ने नारालाई विशेष जोड दिइने छ ।
ख.४.२ जाति र स्थान विशेषका धार्मिक संस्कृतीको संरक्षण सम्वर्धन गर्नको लागि प्रवर्धनात्मक विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । संस्कृति बमोजिमका मनाइने जात्रा, पर्वहरु

व्यवस्थित गर्न, जाति विषेशका वाद्यवाधनका सामग्रीहरु खरिद गर्न, मठ मन्दिर गुम्वा पूजा आजा नियमित गर्नको लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

**ख. ५ खेलकुद तथा मनोरञ्जन**

ख.५.१ युवा खेल मैदान स्तरोन्नतीको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

ख.३.२ खेलकुदमा युवा वर्गको सहभागिता अभिवृद्धि गर्न विद्यालयहरुमा खेल मैदानको सुधार गरी स्थानीय संघ सस्था समेतको सहभागितामा नगर तहमा विभिन्न खेलकुद प्रतियोगिताहरु तथा मेयर कप संचालन गरिने छ ।

ख.५.३ वेलकोटगढी नगरका उत्कृष्ट खेलाडीहरुलाई पुरस्कार एवं सम्मान गर्ने नीति लिइने छ ।

ख.५.४ नगरस्तरीय खेलमैदान संचालन गरिनेछ ।

ख.५.५ खेलकुद विकासको निम्ति आवश्यक पूर्वाधारहरु तयार गर्न यथासक्य लगानी बढाउदै लगिने छ ।

**ख. ६ लैङ्गिक समानता तथा सामाजिक समावेसिकरण**

ख.६.१ सामाजिक रुपमा पछाडि परेका वर्ग तथा समुदायको पहुँचमा अभिवृद्धि गर्दै सेवा प्रवाह गरि सामाजिक रुपान्तरण मार्फत गरिबी न्यूनीकरणलाई सहयोग पुऱ्याउन सामाजिक परिचालन कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी वनाउँदै कार्यान्वयन गरिनेछ ।

ख.६.२ विकासका अवसरहरुबाट पछाडि परेका नगर भित्रका भौगोलिक क्षेत्रहरुको पहिचान गरि विशेष कार्यक्रम कार्यान्वयन गर्दै लगिनेछ ।

ख.६.३ महिलाको मौलिक हक अधिकार एवं विकासका लागि आवश्यक कदम चालिने छ ।

ख.६.४ महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडी बढाइने छ ।

ख.६.५ महिला हिंसा, लैङ्गिक विभेद, बालश्रम, वालविवाह, अनमेल विवाह जस्ता सामाजिक समस्याहरुलाई न्यूनीकरण गर्ने कार्यमा प्रत्येक वडालाई जिम्मेवार बनाइने छ र सबै वडा कार्यालयमा यस सम्बन्धी अलग्गै डेस्क बनाइनेछ ।

ख.६.६ सरोकारवालाहरुको समन्वयमा महिला, दलित पिछडिएका जनजाती हरुको सिप र क्षमता अभिवृद्धि गरि स्वरोजगार हुने खालका तालिम सञ्चालनमा जोड दिइने छ ।

**ग) पूर्वाधार विकास**

**ग. १ स्थानिय सडक, पुल पुलेसा**

ग.१.१ नगरस्तरीय सडक गुरुयोजना (MUNICIPAL TRASPORTMASTER PLAN, MTMP) तर्जुमा अन्तिम चरणमा पुगेको छ । सो MTMP मा निर्दिष्ट भएका सवै सडकहरुको Right of Way (ROW) निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्यनको आवश्यक व्यवस्था मिलाईनेछ ।

ग.१.२ नगर क्षेत्रका हाल भइरहेका मुख्य सडकको स्तरोन्नती गर्दै DPR भई प्रदेश सरकारबाट वजेट नपरेका सडकहरुको क्रमस, कटिङ्ग, ग्राबेल र कालोपत्रे गरिनेछ । नगरपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्म पुग्ने सडक सञ्जाल बिस्तार गरिनेछ । ***'हाम्रो सडक राम्रो सडक'*** अभियान मार्फत नगर क्षेत्र भित्रका सडकहरु फराकिलो गरी स्तरोन्नति गरिनेछ । बाली बाहेक र ८ मिटर कटिङ्ग पुरा गरेका सडक किनाराहरुमा असोका विरुवा रोप्न सुरु गरिने छ ।

ग.१.३ सडक अधिकार क्षेत्र मिच्ने, सार्वजनिक स्थानमा टहरा वनाउने कार्यलाई निरुत्साहित गर्दै त्यस्ता कार्य भएगरेमा कानूनी सजायको दायराभित्र ल्याउने नीति लिइने छ । नगर क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको संरक्षण र सम्बर्द्धनमा विशेष जोड दिईनेछ ।

ग.१.४ नगर चक्रपथको अवधारणा बमोजिम सर्भे सम्पन्न गराई कार्य प्रारम्भ गरिनेछ ।

ग.१.५ उपभोक्ता समितिको कार्य क्षमता, कार्यकुशलता अभिवृद्धि गर्ने सम्वन्धी अभीमूखीकरण कार्यक्रम संचालन गरिने छ ।

घ.१.६ सडक विस्तार सँगै वृक्षारोपण कार्यलाइ अघि बढाउन स्थानीय व्यक्ति र उपभोक्ता समितिलाई कृयाशिल बनाइनेछ ।

घ.१.७ वजार क्षेत्रमा सडक सौर्यवत्तिको लागि आवश्यक कदम अघि बढाइनेछ ।

घ.१.८ यसै आ.व मा रातमाटे बजारमा र नगरपालिका कार्यालयमा सौर्यबत्ती जडान गरिने छ, साथै बिस्तारै नगरपालिका कार्यालय र वडा कार्यालयमा भवन निर्माण पश्चात बिस्तार गर्दै लगिने छ ।

## ग. २ सिँचाई

ग.२.१ नगर भित्रका कृषियोग्य भूमिमा सिँचाईको व्यवस्थापन गरिनेछ ।

ग.२.२ यसै आ.व.मा सम्वन्धीत निकाय सँग समन्वय गरि Lift Irrigation System को सम्भाव्यता अध्ययन गरि कार्य सञ्चालन गर्न पहल गरिनेछ ।

ग.२.३ स-साना पानीका मुहानको संरक्षण गरि पानी संकलन पोखरी र आवश्यकताको आधारमा आकासे पानी संकलन पोखरी निर्माण गरि साना सिँचाई प्रणालीको विकास गरिनेछ ।

ग.२.४ नगरस्तरीय धार्ना खोला मुहान गरी देउराली भण्डारी थुम्का मदानपुर सिंचाई आयोजना संचालनमा लेराईनेछ ।

## ग. ३ भवन तथा सहरी विकास

ग.३.१ भुकम्पले घर क्षेती भई लाभग्राही सूचिमा नपरेका भूकम्प पीडितहरुको लाभग्राही सूचिमा समावेश गर्नको लागि राष्ट्रिय पुननिर्माण प्राधिकरण सँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । पुनः निर्माणको क्रममा रहेका घरहरुलाई सकेसम्म वातावरण मैत्री, अपाङ्ग मैत्री, महिला मैत्री, लागत प्रभावकारी हुने गरि भूकम्प प्रतिरोधी घर निर्माणको आचार संहिता कडाइका साथ लागु गरिनेछ ।

ग.३.२ भूकम्प पीडितका लागि नक्सा पासमा सहजीकरण गरिनेछ ।

ग.३.३ नगरपालिकाले निर्धारण गरेको भवन निर्माण आचार संहिता कडाइका साथ पालना गराइनेछ ।

ग.३.४ सफा, सुन्दर र सुविधामैत्री नगरको विकास गरिनेछ ।

**ग.४ एकिकृत वस्ती विकास**

ग.४.१ ***"एक वडा एक एकिकृत वस्ती"*** भन्ने नारा सहित एकिकृत वस्ती विकासमा जोड दिइनेछ ।

ग.४.२ एकिकृत वस्ती विकास योजना लागू हुने वस्तीहरुमा विकासका पूर्वाधारको पहुँच बढाउन सडक, शिक्षा, स्वास्थ्य, विद्युत, सार्वजनिक स्थलहरु निर्माण, खानेपानी तथा सरसफाई आदि कार्यक्रमलाई प्राथमिकतामा राखी विभिन्न निकायहरु सँग समन्वय र सहकार्य गरि कार्यान्वयनमा जोड दिइनेछ ।

ग.४.३ वास्तविक सुकुम्वासी पहिचान गरि व्यवस्थित  व्यवस्थापनको लागि पहल गरिने छ ।

ग.४.४ **"एक घर २ रुख, एक घर पाँच गमला फूल "** कार्यक्रमलाइ कार्यान्वयनमा ल्याइने छ ।

**ग.५ उर्जा**

ग.५.१ विद्युतीकरण हुन वाँकी रहेका वस्तीहरुमा आगामी आ.व.भित्र विद्युतीकरण गरिनेछ । काठका पोललाई क्रमस विस्थापित गरि फलामका पोल प्रयोग गरिँदै लगिनेछ । हाल सम्म बत्ति नपुगेका बस्तीलाई पहिलो प्राथमिकता दिइने छ ।

ग.५.२ नगरपालिका क्षेत्र भित्रको जलविद्युत एवं वैकल्पीक उर्जाको सम्भाव्यता अध्ययन गरिनेछ ।

**ग.६ सञ्चार**

ग.६.१ नगरवासीलाई सूचना र प्रविधिमा पहुँच बढाउन र आधुनिक प्रविधि मैत्री हुन सहयोगी संघ संस्थाहरुसँगको समन्वयमा नगरमा टेलिफोन टावर, Free WiFi Zone को रुपमा विकास गरिनेछ ।

ग.६.२ नगरपालिकाबाट हुने कृयाकलापहरुको सार्वजनिकीकरण गर्नको लागि पत्रकार महासंघ सँग समन्वय गरि चौमासिक रुपमा संचारका माध्यमहरुबाट आम नागरिकलाई जानकारी गराइने नीति अवलम्वन गरिनेछ ।

ग.६.३ स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहन गरि पाक्षिक रुपमा ज***नतासँग मेयर*** कार्यक्रम प्रशारण गरिनेछ ।

ग ६.४ स्थानीय सञ्चार माध्यमलाई प्रोत्साहन गरि महिला संग उप प्रमुख कार्यकम संचालन गरिनेछ ।

ग.६.५ नगरस्तरीय F.M. संचालन गरिनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन**

**घ.१ वन तथा भू संरक्षण**

घ.१.१ चिम्टेश्वर वन, वेतिनी बन, वैद्य वन लाई संरक्षित क्षेत्र घोषणा गरिनेछ ।

घ.१.२ नगरपालिकाले वातावरण दिवसको दिन वृक्षारोपण कार्यक्रम कार्यान्वयन गरिने छ ।

घ.१.३ नगरमा रहेका वन सकम्पदाको संरक्षण तथा व्यवस्थापन गर्दै आर्थिक विकासमा सम्पदाको दिगो उपयोग कायम गराउन वडा र उपभोक्ताहरुलाई अभिप्रेरित गरिनेछ ।

घ.१.४ सडकका वरिपरि वृक्षारोपण गरी भू हरियाली सडक बनाइने छ ।

## घ. २ वातावरण संरक्षण तथा जलवायु परिवर्तन

घ.२.१ वन विनाश, वन क्षयीकरण, कार्वन उत्सर्जन र जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्न बिद्यालय सम्म चेतनामूलक नीतिको अवलम्वन गरिनेछ ।

घ.२.२ एक व्यक्ति एक विरुवा को अवधारणा अवलम्वन गरिने छ ।

## घ.३ विपद व्यवस्थापन

घ.३.१ भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशिल मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई न्यूनीकरण गर्न नगरमा स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिईनेछ ।

घ.३.२ प्रत्येक वडामा खुल्ला क्षेत्र एवं आपत्कालिन केन्द्र स्थापनको लागि सम्भाव्य क्षेत्र पहिचान गरि कार्यान्वयनमा जोड दिइनेछ ।

घ.३.३ नगरमा स्थानीय विपद जोखीम व्यवस्थापन कोष खडा गरिनेछ । खेती योग्य जमीन कटान हुन बाट रोक्न नदी नियन्त्रण गर्न विशेष कदम चालिने छ ।

## घ.४ फोहोर मैला तथा ढल व्यवस्थापन

घ.४.१ ***"हाम्रो रहर, सफा नगर"*** को नारा सहित फोहरमैलालाई उचित स्थानमा व्यवस्थापन गरिनेछ ।

घ.४.२ निषेधित क्षेत्र साथै जथाभावि फोहर फाल्ने कार्यलाई निरुत्साहित गर्न कानूनी कारवाहिको प्रकृया अवलम्वन गरिने छ ।

घ.४.३ वातावरण प्रदुषण हुन नदिन न.पा. भित्र मापदण्ड विपरितका प्लाष्टिकको विक्रि वितरण र प्रयोगमा रोक लगाउने नीति लिईने छ ।

घ४.४ नगर क्षेत्र भित्र नगर उद्यान हरियालि पार्क, सडक किनारा वृक्षारोपण, हरित क्षेत्रको विकास आदि कार्यलाई निरन्तर रुपमा अघि वढाउँदै लैजाने दीर्घकालिन नीति कार्यान्वयन गरिनेछ ।

घ.४.५ सार्वजनिक शौचालय निर्माणमा पहल गरिने छ ।

घ.४.६ **फोहोरलाई मोहोर** बनाउने अवधारणा अनुरुप पुन प्रयोग गर्न सकिने खालका सिपमुलक आयमुलक तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

घ.४.७ नगरमा भएका फोहोरको सही ठाँउमा व्यवस्थापन गर्न त्यसको क्षेत्र पहिचान गरी कार्यान्वयनमा जोड दिइने छ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह

### ङ.१ सुशासन प्रवर्धन

ङ.१.१ सेवा प्रवाहका सन्दर्भ प्राप्त हुन आएका सुझाव सल्लाह एवं गुनासो र उजुरीको सुनुवाई तत्कालै गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

ङ.१.२ सुशासनका आधराभूत पक्षहरु उत्तरदायित्व, जवाफदेहिता, पारदर्शिता, जनसहभागितालाई प्रबर्द्धन गर्दै सेवाग्राहीहरुलाई सुशासनको अनुभूति दिलाइनेछ ।

ङ.१.३ विकास निर्माण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले बेलकोटगढी नगरभित्र खोज तथा विकास पत्रकारिता गर्ने पत्रकारलाई वार्षिक रुपमा पुरस्कृत गरिने नीति अवलम्वन गरिनेछ ।

ङ.१.४ कर्मचारीलाई उत्प्रेरित गर्न Right Man in the Right Place भन्ने सिद्धान्तलाई परिपालन गर्नको साथै दण्ड र पुरष्कारको नीति अवलम्वन गरिनेछ ।

ङ.१.५ आगामी ५ वर्षमा सबै वडामा E -Governance को अवधारणा अनुरुप कार्य संचालन गर्ने गरि डिजिटल प्रविधिको विकास गर्दै लगिनेछ । सूचनामैत्री वडा कार्यालय स्थापनामा विशेष जोड दिइनेछ ।

ङ.१.६ प्रत्येक वडा र नगरपालिकामा सुझाव पेटीका निर्माण गरिनेछ ।

### ङ .२. सामान्य सेवा

ङ.२.१ संविधानमा भएको व्यवस्था तथा संघीय अवधारणा अनुसार नगर तथा वडा तहबाट उपलब्ध हुने सबै प्रकारका सेवाहरु सहज रुपमा नगरवासीलाई उपलब्ध गराउन नगरपालिकाको संस्थागत विकास गरिनेछ । वडा कार्यालयमा आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।

ङ.२.२ नगरपालिकाको आफ्नै प्रयत्नमा विश्वका बिभिन्न शहर/काउन्टीहरुसँग मितेरी (Friendship) सम्बन्ध विकास नीति अवलम्वन गरिनेछ ।

ङ.२.३ सामाजिक सुरक्षा बापतको रकम बैङ्कीङ System बाट वितरण गर्ने व्यवस्था मिलाइने छ ।

ङ.२.४ नगरपालिकालाई भ्रष्टाचार मुक्त बनाइने छ ।

### ङ .३ दलित

ङ.३.१ दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई समयसापेक्ष व्यावसायीकरण गरिने छ ।

ङ.३.२ विभेद अन्त्यको नीति अवलम्बन गरिनेछ ।

### ङ .४ बालश्रम निषेध

ङ .४.१ नगरपालिकाले प्रचलित कानुन बमोजिम बालश्रमलाई निषेध गरिनेछ ।

ङ .४.२ उद्योग बाणिज्य संघ मार्फत बालश्रम निषेध कार्यक्रम संचालन गरिनेछ ।

**ङ .५.सरसफाई अभियान**

ङ .५.१ नगरक्षेत्रको सबै स्थानमा सरसफाई अभियान संचालन गरिने छ। प्रत्येक वडाहरुले आफ्नो वडा कार्यालय वरिपरी मासीक रुपमा सरसफाइ अभियान संचालन गर्ने निति अवलम्वन गरिने छ।

ङ .५.२ विभिन्न संघ संस्थाहरुसँग सरसफाई व्यवस्थापनमा सहकार्य गरिनेछ।

ङ.५.३ यसै आ.व.मा प्रत्येक वडालाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्दै समग्र नगरलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिने छ।

**ङ .६ बालमैत्री स्थानीय शासन**

ङ.६.१ नगरलाई बालमैत्री नगर बनाई भावी पुस्तासँग ज्ञान साटासाट कार्यक्रम लागु गरिनेछ।

ङ.६.२ बालबालिका भोलिका कर्णधार मात्र नभएर आजका साझेदार हुन भन्ने नीति अवलम्बन गरिनेछ।

ङ.६.३ बालबालिकासँग मेयर कार्यक्रम संचालन गरिनेछ।

**ङ.७ समावेसीकरण, सशक्तीकरण र गरिवी निवारण**

ङ .७.१ सशक्तीकरण गर्नुपर्ने पहिचान भएका समुदायलाई प्राथमिकता राखिनेछ।

ङ.७.२ कृषि क्षेत्र, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी गरिवी निवारणमा योगदान गरिने छ।

**ङ.८ कानुन र न्याय**

ङ.८.१ असाहाय र अन्यायमा परेकाहरुलाई निशुल्क कानूनी परामर्श दिइने र न्याय दिलाउन सहयोग गरिनेछ।

ङ.८.२ कानून विपरित स्थापना भएका उद्योग, कलकारखाना, प्राकृतिक स्रोतको अनुचित तवरले दोहन गर्नेलाई कानुनको दायरामा ल्याइनेछ।

ङ.८.३ मेलमिलाप केन्द्र हरेक वडामा गठन गरिनेछ।

ङ.८.४ नगर प्रमुख महिनाको मासिक तालिका बनाएर चौतारो जनगुनासो कार्यक्रम संचालन गरिने छ।

ङ.८.५ आवश्यकता अनुसारको ऐन, कानुन, निर्देशिका, विधेयक र कार्यविधि पास र संशोधन गर्दै लगिने छ।

**ङ.९ प्रशासन**

ङ.९.१ चुस्त दुरुस्त न्यायमुखी प्रशासन बनाइनेछ।

ङ.९.२ जनता कार्यालयमा होइन, कार्यालय जनतामा जानु पर्छ भन्ने मुल मन्त्रलाई स्थापित गरिनेछ।

ङ.९.३ प्रत्येक वडामा गुनासो पेटिकाको व्यवस्था गरिनेछ। जसमा राम्रो काम गरेको, नगरेकोलाई हेरी राम्रो काम गर्नेलाई अझ राम्रो गर्न प्रोत्साहन स्वरुप पुरस्कृतको व्यवस्था गरिनेछ।

ङ.९.४ कर्मचारी व्यवस्थापन, परिचालन र कार्यविभाजन मा विशेष जोड दिइने छ।

ङ.९.५ नगरपालिकाको कार्यालय, वडा कार्यालय जस्ता निकायहरुमा ई - हाजीरी प्रणाली र CCTV लागू गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याइने छ ।

**ङ.१० महिला**

ङ.१०.१ महिलाको मौलिक हक अधिकार एवं विकासका लागि आवश्यक कदम चालिने छ ।

ङ.१०.२ महिला हिंसा रहित नगरपालिकाको रुपमा स्थापित गर्न आवश्यक कदम अगाडि बढाइने छ ।

ङ.१०.३ उप प्रमुख संग महिला कार्यक्रम संचालन गरिनेछ ।

**ङ.११ योजना छनौट तथा कार्यान्वयन**

ङ.११.१ योजना छनौट प्रकृयालाई Buttom Up Approach नीति अपनाइनेछ ।

ङ.११.२ उत्कृष्ट कार्य सम्पन्न गर्ने उपभोक्ता समितिलाई सम्मान कार्यक्रम थालनी गरिनेछ ।

➢ **हाम्रो वेलकोटगढी नगरपालिकाका गौरवशाली योजनाहरु**

१. सम्माननीय प्रधानमन्त्री के.पी ओली ज्यू बाट शिलान्यास भई रानीपौवा बजार ककनी गा.पा ओखले हिले गौरबास खड्गचौर चिम्टेश्वर बाघखोर देविघाट पदमार्ग प्रवर्द्धन गरिनेछ ।

२. आरुखर्क - चिम्टेश्वर छिँडी निर्माण सुरु गरिने छ । तत् पश्चात चिम्टेश्वर - बाघखोर छिँडी क्रमागत रुपमा निर्माण गरिनेछ ।

३. नगरदेखि प्रत्येक वडा कार्यालय सम्मको सडक सञ्जालमा जोड दिइनेछ ।

४. नगरगालिकाको कार्यालय भवन र वडा कार्यालय भवन निर्माण कार्य यसै बर्षबाट सुरु गरिने छ ।

५. नगरभित्रका ऐतिहासिक, धार्मिक र सांस्कृतिक क्षेत्र पहिचान गरि चिम्टेश्वरमा मदन भण्डारी बाल उद्दान, भ्यु टावर र पिकनिक पार्क, वैद्य वनमा मनमोहन पार्क तथा वनभोज स्थल, धमले जिलिङ दुइपिपल सडकलाई भरत ढुंगाना मार्ग र काशिटार हर्रे बाघाखोर भ्याङ्लीपोखरी लक्ष्मेश्वरी हुदै धार्के सडकलाइ लोक सञ्चार मार्ग नामाकरण गरिनेछ ।

६. बेलकोट को बेलकोटगढी, नलगांउको देविथान मदानपुरको बाशुकि र वाराही, कुमरीको जलेश्वर र कुमरी मन्दिर तथा दुईपिपलको डवली क्षेत्रलाइ ऐतिहासिक सांस्कृतिक क्षेत्रको रुपमा विकास गरिनेछ ।

७. राताटार खा.पा. सम्पन्न गरिनेछ ।

८. काठका पोललाई क्रमश विस्थापित गरि फलामका पोल प्रयोग गरिँदै लगिने कार्यको थालनी गरिने छ ।

९. प्रत्येक वडामा होम स्टेको अवधारणा अघि बढाइनेछ ।

१०. धार्नाखोला देउराली भण्डारीथुम्का मदानपुर सिंचाई आयोजना सञ्चालन गरिनेछ ।

**आदरणीय यस सभाका सदस्य तथा नगरवासीहरु,**

आगामी आ.व मा नगरपालिकाको वास्तविकता झल्कने नगर प्रोफाइल निर्माण गरि नगरपालिकाको वृहत गुरु योजना तयार गरिनेछ । प्राथमिकताको आधारमा दिगो विकासलाई जोड दिई बेलकोटगढी नगरपालिकालाई कृषि, पर्यटन र पूर्वाधार सहितको नगरको प्रारुपमा विकास गरिनेछ । कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण, पर्यटनमा प्रचारात्मक र पद यात्रालाई प्राथमिकतामा राखी पर्यटक भित्र्याइने नीति र दिगो पूर्वाधारका निम्ति कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गर्दछु । बेलकोटगढी नगरपालिको कार्यालय भवन यस बाघखोर को आसपास प्राविधिक दृष्टिकोणले उपयुक्त स्थानमा निर्माण कार्यको थालनी गरिनेछ । नितान्त नयाँ र पूर्वाधार रहितको यो नगरका असिमित अनगिन्ती सपनालाई पुरा गर्न यो नीति तथा कार्यक्रम पर्याप्त भने होइन । बर्षातमा हुनसक्ने सडक क्षतिलाई रोकथाम र न्यूनीकरण गर्न विशेष कदम चालिने छन् । एक दिन हावाहुरी र पानी पर्दा दशौं दिन अन्धकारमा बस्नुपर्ने नियतीको अन्त्य गर्न, खानेपानी र सिँचाइ को असहजताको अन्त्य गर्न हामी प्रतिवद्ध छौं । श्रोत र साधनको सिमितता र नगरवासीको अथाह चाहनालाई पूरा गर्न हामी हाम्रा माथिल्ला तहहरु प्रदेश सरकार र केन्द्रीय सरकार एवं विकासका साझेदार निकायसंग समन्वय गरेर हरतरहले प्रयत्न गर्ने विश्वास यस गौरवमय सभालाइ दिलाउन चाहन्छु । यस नीति तथा कार्यक्रम तयारीका लागि सुझाव सल्लाह एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुप्रति कृतज्ञता व्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा आ.व.२०७५/०७६ को वजेट वक्तव्य तयार पार्ने प्रयत्न गरिएको छ । यसलाइ मुर्तरुप दिन सम्पुर्ण राजनीतिक दल , सरकारी निकाय , विभिन्न संघसंस्था, पत्रकार, नागरिक समाज, बुद्धिजिवी, उद्योगी व्यापारी एवं सम्पूर्ण नगरवासीको सहयोग सद्भाव र समन्वयको अपेक्षा गरेको छु । धन्यवाद ।

राजेन्द्र रमण खनाल
नगर प्रमुख
बेलकोटगढी नगरपालिका
१० असाढ, २०७५

## ***नगर सभा समक्ष उप-प्रमुखबाट प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम (आ. व. २०७५/७६)***

१० असाढ, २०७५

यस गरिमामय सभाका अध्यक्ष एवम् नगर प्रमुख श्री राजेन्द्र रमण खनालज्यू,
प्रदेश नं ३ का माननीय सभासद केशव पाण्डेज्यू,
नगर कार्यपालिकाका सदस्यज्यूहरु
यस न पा का प्रमुख प्रशासकीय अधिकृतज्यू
नगर सभाका सदस्यज्यूहरु
राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु
पत्रकार महोदय
न.पा. का सम्पूर्ण कर्मचारी मित्रहरु एंव उपस्थित महानुभावहरु,

**अध्यक्ष महोदय,**

यस बेलकोटगढी नगरपालिकाका नगर प्रमुखज्यूबाट प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका आधारमा आगामी आ.व. २०७५/०७६ का लागि प्रस्तावित वजेट तथा क्षेत्रगत कार्यक्रमको जानकारी गराउन चाहन्छु । स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को बुँदा नं १.५ मा उल्लेख भए बमोजिम स्थानीय तहमा विषयगत कार्यालयहरुबाट समायोजन भएर आउने कर्मचारी तथा कार्यक्रमहरु सोही बमोजिम लागु हुने गरी व्यवस्था गरेको छु । आगामी आ.व. २०७५/०७६ का लागि कुल वजेट **६६,८६,१३,००० ( छयासठ्ठी करोड छयासी लाख तेर्ह हजार)** को वार्षिक वजेट तथा कार्यक्रम यस सभामा पेश गरेको छु । यसमा आन्तरिक राजस्व, राजस्व वांडफांड, वित्तिय समानिकरण अनुदान, सशर्त अनुदान, सामाजिक सुरक्षा अनुदान लगायत अन्य अनुदानहरु समावेश गरेको छु । यसमा नेपाल सरकारको अन्तर सरकारी वित्तिय हस्तान्तरणका लागि विनियोजित सशर्त अनुदान रकम रु २७०,५९९,००० **(सत्ताइस करोड पाँच लाख उनानसय हजार)** संघ र प्रदेश बाटै वांडफाड भै आएको हुँदा यसलाइ कुनै हेरफेर नगरी सोही वमोजिम लागु हुने गरी अनुमोदनका लागि पेश गरेको छु । बाँकी रहेको वजेट मध्ये सामाजिक सुरक्षा अनुदान र सडक बोर्ड अनुदान गरी जम्मा **रु. ७ करोड पच्चीस लाख** घटाई बांकी कुल **३२५,५१४,००० (बत्तीस करोड पचपन्न लाख चौध हजार)** मध्ये चालु खर्च तर्फ रु. **७६,२५८,००० (सात करोड बैसठ्ठी लाख अन्ठाउन्न अजार) २३.४३ प्रतिशत** र पुँजीगत तर्फ रु. **२४९,२५६,००० (चौबीस करोड बयानब्बे लाख छपन्न हजार) ७६.५७ प्रतिशत** रकम विनियोजित गरेको छु । यसै गरी यस अघि नगर कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि नगर सभा समक्ष पेश गरेको छु । वजेट वितरणलाई क्षेत्रगत रुपमा समानुपातिक ढंगवाट विभाजन गरेको छु । मागमा आधारित योजनाहरु बस्ती वडास्तर,

विषयगत समिति, योजना तथा वजेट तर्जुमा समितिबाट प्रस्ताव भइआए अनुसार बजेट बाँडफाड गरेको छु। नयाँ संरचना, भौगोलिक कठिनाइ, जनताका अधिक माग आदि चुनौतिका बावजुत न्युन वजेट मार्फत न्यायोचित ढंगवाट रकम बाँडफाँड गरिएको छ। यति हुदा हुदै पनि केहि मागहरु सम्बोधन नभएको हुनसक्छन् यसलाइ नगरस्तरीय योजना तथा आगामि पुरक वजेट मार्फत समावेश हुने गरि सम्वोधन गरिने नीति लिएको छु।

**अध्यक्ष महोदय,**

अब म यस बेलकोटगढी नगरपालिकाको अगामी आ. व. २०७५/७६ को राजश्व तथा अनुदान प्राप्ति र कार्य क्षेत्रगत व्ययको अनुमान पेश गर्दछु।

## बेलकोटगढी नगरपालिकाको अगामि आ. व. २०७५/७६ को राजश्व तथा अनुदान प्राप्ति र कार्य क्षेत्रगत व्ययको अनुमान

*रु. हजारमा*

| क्र.सं. | शिर्षक | आ.व.२०७५।७६को लक्ष्य | क्र.सं. | चालु खर्च रकम | रकम रु | खर्चको श्रोत |
|---|---|---|---|---|---|---|
| १ | **आन्तरिक राजश्व** | | १ | **चालु खर्च** (**नगरपालिका र वडा समेत**) | ७०,२५८ | गत आ. व. को मौज्दात |
| १.१ | घर बहाल कर | ३० | २ | **चालू तर्फ नगर स्तरीय कार्यक्रम** | | |
| १.२ | घरजग्गाा रजिष्ट्रेशन शूल्क | २,२०० | २.१ | आर्थिक सहायता पुरस्कार | १,५०० | गत आ. व. को मौज्दात |
| १.३ | सवारी साधन कर | ३० | २.२ | नगर परिषद संचालन खर्च | ५०० | गत आ. व. को मौज्दात |
| १.४ | दस्तुर | ८०० | २.३ | सुचना तथा सन्देश प्रसारण एवं प्रकाशन | १,५०० | गत आ. व. को मौज्दात |
| १.५ | विज्ञापन कर | ४ | २.४ | राजश्व सम्भाव्यता अध्ययन | ५०० | गत आ. व. को मौज्दात |
| १.६ | व्यवसाय कर | ७९० | २.५ | ऐन,नियम,विनियम निर्देशिका कार्यविधि तर्जुमा | ५०० | गत आ. व. को मौज्दात |
| १.७ | भूमि कर (मालपोत) | ८०० | २.६ | विभिन्न गुरु योजना तर्जूमा | १,५०० | गत आ. व. को मौज्दात |
| १.८ | दण्ड जरीवाना | १० | २.७ | सामजिक सूरक्षा अनूदान | ७०,००० | सा. सू. अनूदान |
| १.९ | नक्सा पास दस्तुर | १,००० | २.८ | सशर्त अनूदान खर्च | २७०,५९९ | सशर्त संघ/प्रदेश |
| १.१० | प्राकृतिक स्रोत उपयोग कर (ढुंगा, गिट्टी, वालुवा, अन्य खानी) | ४,३३६ | | | | |
| | **जम्मा आन्तरिक राजस्व** | **१०,०००** | | | | |

| क्र.सं. | शिर्षक | आ.व.२०७५।७६को लक्ष्य | क्र.सं. | चालु खर्च रकम | रकम रु | खर्चको श्रोत |
|---|---|---|---|---|---|---|
| २ | **राजश्व बाँडफाँड** | | | **चालु खर्च जम्मा** | ४१६,८५७ | |
| २.१ | राजश्व बाँडफाँड (संघ) | **८५,२५३** | **३** | **पुजिगत खर्च** | | |
| २.२ | राजस्व बाँडफाँड (प्रदेश) | **२१,४६५** | ३.१ | नगरपालिका भवन निर्माण | २०,००० | राजस्व बाडफाड संघ |
| **३** | **अन्य आय** | | ३.२ | वडा कार्यालय भवन निर्माण | २०,००० | राजस्व बाडफाड संघ |
| ३.१ | चालु आ. व. को खर्च हुन बाकी रकम | **८०,०००** | ३.३ | नगरपालिका कार्यालयको लागी खा. पा. सप्लाइ (२०/२० घ.मी. २ ट्यांकी समेत) | २,५०० | वित्तीय समानिकरण अनूदान संघ |
| **४** | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | | ३.४ | समपुरक कोष | २,५०० | गत आ. व. को मौज्दात |
| ४.१ | वित्तिय समानिकरण अनुदान संघ | **१२०,६००** | ३.५ | नगर स्तरीय पुर्वाधार विकास कार्यक्रम (डिपिआर, ग्रावेलिङ, स्तरोन्नती) | ३५,४४१ | राजस्व बाडफाड संघ |
| ४.२ | वित्तिय समानिकरण अनुदान प्रदेश | **८,१९६** | ३.६ | प्रदेश राजस्व बाडफाड (विभिन्न पुर्वाधार) | ११,२१५ | राजस्व बाडफाड प्रदेश |
| ४.३ | सशर्त अनुदान संघ | **२१४,०००** | ३.७ | नगर स्तरीय मदानपुर सिंचाइ कार्यक्रम | १५,००० | वित्तीय समानिकरण अनूदान संघ |
| ४.४ | सशर्त अनुदान प्रदेश | **५६,५९९** | ३.८ | नगर स्तरीय खानेपानी कार्यक्रम ( राताटार, अन्य) | ८,००० | वित्तीय समानिकरण अनूदान संघ |
| | | | ३.९ | नगर स्तरीय विद्युत पोल खरिद कार्यक्रम | ५,००० | वित्तीय समानिकरण अनूदान संघ |
| **५** | **अन्य निकायबाट प्राप्त** | | ३.१० | फर्निचर/ फर्निसिंग | ५०० | राजस्व बाडफाड संघ |

| क्र.सं. | शिर्षक | आ.व.२०७५।७६को लक्ष्य | क्र.सं. | चालु खर्च रकम | रकम रु | खर्चको श्रोत |
|---|---|---|---|---|---|---|
| | **अनुदान** | | | | | |
| ५.१ | सडक बोर्ड अनुदान | **२,५००** | ३.११ | मेसिनरी औजार (जेसिबि समेत) | ४,५०० | राजस्व बाडफाड प्रदेश |
| ५.२ | सामजिक सुरक्षा अनुदान | **७०,०००** | ३.१२ | सवारी साधन खरीद (गाडी/मो.सा) | १२,५०० | आन्तरिक आम्दानी १०००० |
| | | | | | | राजस्व बाडफाड प्रदेश २५०० |
| | | | ३.१३ | सडक बोर्ड अनुदान खर्च | २,५०० | सडक बोर्ड अनूदान |
| | | | ३.१४ | लक्षित वर्ग कार्यक्रम (नगरस्तरीय) | १५,००० | वित्तीय समानिकरण अनूदान संघ |
| | | | ३.१५ | आर्थिक सामाजिक भौतिक विकास कार्यक्रम खर्च | ५०,००० | वित्तीय समानिकरण अनूदान संघ |
| | | | ३.१६ | सडक मर्मत सुधार (१३ वटै वडा) | ९,१०० | राजस्व बाडफाड संघ |
| | | | ३.१७ | प्रवर्द्धनात्मक कार्यक्रम | २०,१५० | वित्तीय समानिकरण अनूदान संघ |
| | | | ३.१८ | कृषी विकास कार्यकम | १०,००० | वित्तीय समानिकरण अनूदान संघ ४९५० |
| | | | | | | वित्तीय समानीकरण अनूदान प्रदेश ५०५० |
| | | | ३.१९ | पशु विकास कार्यकम | २,००० | वित्तीय समानिकरण अनूदान प्रदेश |
| | | | ३.२० | स्वास्थ्य सेवा कार्यकम | २,००० | वित्तीय समानिकरण अनूदान प्रदेश ४४६ |

| क्र.सं. | शिर्षक | आ.व.२०७५।७६को लक्ष्य | क्र.सं. | चालु खर्च रकम | रकम रु | खर्चको श्रोत |
|---|---|---|---|---|---|---|
| | | | | | | राजस्व बाडफाड संघ २१२ |
| | | | | | | राजस्व बाडफाड प्रदेश १०० |
| | | | | | | गत आ. व. को मौज्दात १२४२ |
| | | | ३.२१ | महिला विकास कार्यक्रम (सिपमुलक, आयमुलक) | ७०० | वित्तीय समानिकरण अनूदान प्रदेश |
| | | | ३.२२ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | ६५० | राजस्व बाडफाड प्रदेश |
| | | | ३.२३ | शिक्षा कार्यक्रम | २,५०० | राजस्व बाडफाड प्रदेश |
| | | | | **पूजिगत खर्च जम्मा** | **२५१,७५६** | |
| | **कुल जम्मा** | **६६८,६१३** | | **कूल जम्मा** | **६६८,६१३** | |

# चालू खर्च विस्तृत विवरण

## क) नगर कार्यपालिका कार्यालय तर्फ

| क्र. सं. | खर्च रकम | खर्च शीर्षक | रकम रु | बैठक खर्च | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तलब कर्मचारी | २११११ | २२,५००,००० | - | २२,५००,००० | |
| २ | पदाधिकारी सूविधा | | ८,२००,००० | - | ८,२००,००० | |
| ३ | महंगी भत्ता | २१११३ | १,४००,००० | - | १,४००,००० | |
| ४ | अन्य भत्ता | २१११९ | २५२,००० | १,६२०,००० | १,८७२,००० | |
| ५ | पोशाक भत्ता | २११२१ | ७००,००० | - | ७००,००० | |
| ६ | पानी विजुली | २२१११ | १२०,००० | - | १२०,००० | |
| ७ | घर भाडा | २२१२१ | ( | - | - | |
| ८ | अन्य भाडा | २२१२२ | ३,०००,००० | - | ३,०००,००० | |
| ९ | सञ्चालन तथा मर्मत खर्च | २२११२ | ७००,००० | - | ७००,००० | |
| १० | इन्धन कर्मचारी | २२२११ | ४००,००० | - | ४००,००० | |
| ११ | इन्धन पदाधिकारी | २२२११ | ८००,००० | - | ८००,००० | |
| १२ | सञ्चार महसुल | २२२१२ | ७००,००० | - | ७००,००० | |
| १३ | वीमा | २२२१३ | ५००,००० | | ५००,००० | |
| १४ | कार्यालय संचालन खर्च | २२३११ | २,५००,००० | - | २,५००,००० | |
| १५ | अन्य इन्धन | २२३१४ | २००,००० | - | २००,००० | |
| १६ | परामर्श सेवा | २२४११ | १,५००,००० | - | १,५००,००० | |
| १७ | अन्य सेवा शुल्क | २२४१२ | १२,८००,००० | - | १२,८००,००० | |
| १८ | अनुगमन मुल्यांकन | २२६११ | ३००,००० | | ३००,००० | |
| १९ | भ्रमण खर्च | २२६१२ | ३,०००,००० | - | ३,०००,००० | |
| २० | विविध खर्च | २२७११ | ७००,००० | ३००,००० | १,०००,००० | |
| | **जम्मा** | | **६०,२७२,०००** | **१९,२०,०००** | **६२,१९२,०००** | |

ख) वडा कार्यालय तर्फ

| क्र. सं. | खर्च रकम | खर्च शीर्षक | रकम रु | बैठक खर्च | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | अन्य भत्ता (बैठक भत्ता) | २१११९ | | १,७५०,००० | १,७५०,००० | |
| २ | पानी विजुली | २२१११ | १५६,००० | - | १५६,००० | |
| ३ | घर भाडा | २२१२१ | ५४०,००० | | ५४०,००० | |
| ४ | अन्य भाडा | २२१२२ | १००,००० | | १००,००० | |
| ५ | सञ्चालन तथा मर्मत खर्च | २२११२ | ३००,००० | | ३००,००० | |
| ६ | इन्धन | २२२११ | २६३,००० | | २६३,००० | |
| ८ | सञ्चार महसुल | २२२१२ | ३१२,००० | | ३१२,००० | |
| ९ | कार्यालय संचालन खर्च | २२३११ | १,५६०,००० | | १,५६०,००० | |
| १० | अन्य इन्धन | २२३१४ | १००,००० | | १००,००० | |
| ११ | भ्रमण खर्च (पदाधिकारी र कर्मचारी) | २२६१२ | १,३००,००० | | १,३००,००० | |
| १२ | विविध खर्च | २२७११ | ९३६,००० | ७४९,००० | १,६८५,००० | |
| | | **जम्मा** | **५,५६७,०००** | **२,४९९,०००** | **८,०६६,०००** | |
| **प्रति वडा चालू खर्च** | | | ४२८,२३०.७७ | १९२,२३०.७७ | ६२०,४६१.५४ | |

–

| क्र. सं. | | |
|---|---|---|
| | **आर्थिक सामाजिक भौतिक विकास कार्यक्रम** | **५०,०००,०००** |
| | **प्रति वडा बाडफाड** | ***३,८४६,१५३.८५*** |
| क्र. सं. | **प्रवर्धनात्मक कार्यक्रम (नगरस्तरीय)** | |
| १ | चिम्टेश्वर पर्यटन प्रबर्धन कार्यक्रम | २,५००,००० |
| २ | वैद्यनाथ वन वनभोज स्थल निर्माण | ३००,००० |
| ३ | कूमरी शहिद पार्क | १,०००,००० |
| ४ | सोलार विद्यूतीकरण (रातमाटे बजार र न. पा. कार्यालय) | २,५००,००० |
| ५ | बेपत्ता तथा बेवारिसे लास व्यवस्थापन | १००,००० |
| ६ | विपद व्यवस्थापन | १,०००,००० |
| ७ | नगर स्तरीय खेलकुद विकास कार्यक्रम | ७००,००० |
| ८ | मेयरसंग बालबालिका कार्यक्रम | ५००,००० |
| ९ | महिलासंग उपप्रमुख कार्यक्रम | ५००,००० |
| १० | नगर प्रमुख/उपप्रमुखको प्रति महिना एक दिन विद्यालय | ५००,००० |

| | | |
|---|---|---|
| | कार्यक्रम | |
| ११ | बृहद चौतारो कार्यक्रम | ५००,००० |
| १२ | बाघखोर निर्माण | ५००,००० |
| १३ | कर्मचारी कल्याण कोष | २००,००० |
| १४ | मेलमिलाप तालिम संचालन र गठन | २००,००० |
| १५ | नगरस्तरीय साना खानेपानी आयोजना | १,०००,००० |
| १६ | एम्बुलेन्स खरीद | ३,०००,००० |
| १७ | नगरस्तरीय मठमन्दिर, गुम्बा, पाटी पौवा, चौतारा निर्माण, संरक्षण तथा व्यवस्थापन | १,०००,००० |
| १८ | वातावरण व्यवस्थापन | २,०००,००० |
| १९ | सार्वनिक सुनुवाइ | १५०,००० |
| २० | क्षमता अभिवृद्धि कार्यक्रम | ५००,००० |
| २१ | विद्यूतीय शासन (आई टी) | १,०००,००० |
| २२ | अवलोकन भ्रमण | ५००,००० |
| | **नगर स्तरीय प्रवर्द्धनात्मक बजेट जम्मा** | **२०,१५०,०००** |

यस बेलकोटगढी नगरपालिकाको तेस्रो नगर सभामा उपस्थित हुनुहुने नगर सभासदज्यूहरु, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका संयोजकज्यू, राजस्व परामर्श समितिका सम्पूर्ण पदाधिकारीज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सम्पूर्ण पदाधिकारी ज्यूहरु, विषयगत समितिका संयोजकहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा पार्टी प्रतिनिधिहरु, वडा भेला मार्फत योजना छनोटमा सहयोग पुर्‍याउनु हुने वडा समितिका संयोजकज्यूहरु लगाएत सम्पूर्ण पदाधिकारीहरु तथा यस नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु प्रति विशेष धन्यबाद दिन चाहन्छु । यसै गरी यस गरिमामय नगर सभामा पाल्नु हुने अतिथि, पत्रकार महोदयहरु, सुरक्षाकर्मी प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

अन्तमा, ***सक्छौ सपारौ, सक्दैनौ नबिगारौ*** भन्ने आशयका साथ यस नगर सभाको आ. व. २०७५/७६ को बजेट तथा कार्यक्रमको प्रस्तुतीलाई अन्त्य गर्न चाहन्छु ।

धन्यबाद !

कविता ढुंगाना
उप-प्रमुख
बेलकोटगढी नगर कार्यपालिका
१० आषाढ, २०७५

बेलकोटगढी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाघखोर, नुवाकोट

आ.व. २०७४/०७५

## आय व्यय विवरण

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| क्र.सं | विवरण | रकम रु | क्र.सं | विवरण | रकम रु |
| १ | अ.ल्या न.पा. तर्फ | ९,७८६,१८१।७० | १ | परीक्षा समिति | १११,५००।०० |
| २ | अ.ल्या. वडा तर्फ | ८,१७०,६३१।०० | | ० | ( |
| ३ | आन्तरिक आम्दानी वडा | ३,३९६,९९९।०० | | ० | ( |
| ४ | आन्तरिक आम्दानी न.पा | ७९४,२१७।०० | | ० | ( |
| ५ | वित्तीय समानीकरण | २४२,३५५,०००।०० | २ | वित्तीय समानीकरण | १७३,०८८,७२७।०० |
| ६ | सशर्त अनुदान | १६७,९१९,०००।०० | ३ | सशर्त अनुदान | १५४,९२२,५०२।६४ |
| | | | | सशर्त अनुदान राजश्व दाखिला | **१२,९९६,४९७।३६** |
| ७ | गरिबसंग विश्वेश्वर निसर्त | ३३८,०००।०० | ४ | गरिबसंग विश्वेश्वर निशर्त | २४७,०००।०० |
| | गरिबसंग विश्वेश्वर शसर्त | ५२०,०००।०० | | गरिबसंग विश्वेश्वर सशर्त | २५९,९५५।०० |
| | | | | राजश्व दाखिला | **३५१,०४५।००** |
| ८ | स्थानीय शासन तथा सामुदायिक विकास चालू | ४७४,०६८।०० | ८ | स्थानीय शासन तथा सामुदायिक विकास चालू | ४७४,०६८।०० |
| ९ | स्थानीय शासन तथा सामुदायिक विकास पूंजीगत | ५९७,८९८।०० | ९ | स्थानीय शासन तथा सामुदायिक विकास पूंजीगत | ५९७,८९८।०० |
| १० | सामाजिक सुरक्षा | ७२,४३३,०००।०० | | सामाजिक सुरक्षा | ७२,४३३,०००।०० |
| ११ | अन्य | २,५६९।६० | ९ | बैंक मौज्दात | ९१,३९६,३७१।३० |
| | कुल जम्मा | ५०६,७८७,५६४।३० | | कुल जम्मा | ५०६,८७८,५६४।३० |

# आ. व. २०७५/७६ का लागि नगरसभाबाट पारित आयोजना तथा कार्यक्रमहरु

## १ नं. वडा कार्यालय

| क्र. सं. | आयोजना/कार्यक्रम विवरण | पारित बजेट | कैफियत |
|---|---|---|---|
| १ | भन्ज्याङ सेरा चेप्टेढुंगा न्यौपानेटोल हुँदै कुमरी २ जोड्ने मोटर बाटो निर्माण | ७००,०००.०० | |
| २ | हिलेखोला हर्राबोट तारेभिर खहरे आरुखर्क मा.वि. गोल्मा कुमरी २ जोड्ने सडक निर्माण | ७००,०००.०० | |
| ३ | भन्ज्याङ मा.वि. बाघखोर सडक निर्माण | ५००,०००.०० | |
| ४ | देउराली च्यापुचेत खोदाङडुङ चेत माझवारी हुँदै खर्कचौर दलित वस्ती हुँदै लामा टोल चिन्डेखर्क जोड्ने सडक निर्माण | ५००,०००.०० | |
| ५ | आरुखर्क मा.वि. पूर्वाधार विकास | ५००,०००.०० | |
| ६ | भन्ज्याङ मा.वि. ११,१२ कक्षा संचालन पूर्वाधार विकास | ५००,०००.०० | |
| ७ | स्वास्थ्य चौकी व्यवस्थापन तथा सरसफाई | ४६,१५३.०० | |
| ८ | खहरेखोला मरण घाट बाटो निर्माण तथा मरण पाटी निर्माण | २००,०००.०० | |
| ९ | झरनामति सन्तिघाट मरण पाटी निर्माण | २००,०००.०० | |
| | **जम्मा** | **३,८४६,१५३.००** | |

# आ. व. २०७५/७६ का लागि नगर सभाबाट पारित आयोजना तथा कार्यक्रमहरु

## २ नं. वडा कार्यालय

| क. सं. | आयोजना/कार्यक्रम विवरण | पारित बजेट | कैफियत |
|---|---|---|---|
| १ | कोल्पुखोला विरेन्द्र मा.वि. रोटेपानी नेवार टोल सेरा सडक निर्माण | ८००,०००.०० | |
| २ | छविसे मेल हुँदै चिम्टेश्वर  सडक निर्माण | ८००,०००.०० | |
| ३ | चाउथेखोला भैरवकुण्डफाँट वस्ती सडक ग्राभेल | ५००,०००.०० | |
| ४ | गोलमा शिवमन्दिर बोक्से सडक  निर्माण | २००,०००.०० | |
| ५ | जिते पँधेरो तथा बन्चरे वस्ती खानेपानी योजना पाइप खरिद | २४६,१५३.०० | |
| ६ | काफल चौर खानेपानी आयोजना | २००,०००.०० | |
| ७ | श्रमिक नि.मा.वि. कम्पाउण्ड वाल निर्माण | २००,०००.०० | |
| ८ | कुमरी नमुना कलेज फर्निचर तथा कम्प्युटर खरिद | ३००,०००.०० | |
| ९ | खनियाखर्क नि.मा.वि. फर्निचर खरिद | २००,०००.०० | |
| १० | कुमरी देवीस्थान मन्दिर मर्मत तथा निर्माण | २००,०००.०० | |
| ११ | दिपक खेत मर्मत (झो.पु. निर्माण गर्दा भएको क्षेती) | २००,०००.०० | |
| | **जम्मा** | **३,८४६, ५३.०<br>०** | |

# आ. व. २०७५/७६ का लागि नगरसभाबाट पारित आयोजना तथा कार्यक्रमहरु

## ३ नं. वडा कार्यालय

| क्र. सं. | आयोजना/कार्यक्रम विवरण | पारित बजेट | कैफियत |
|---|---|---|---|
